आज मिति २०७८/०७/२४ गते विहान ७ बजे यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माज्यूको अध्यक्षतामा तपशिल बमोजिमकाकार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको ८९ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर वराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | |
| १३ | श्री जिवा सुनार | सदस्य | |
| १४ | श्री खिमा सुवेदी | सदस्य | |
| १५ | श्री चिन्तामणि रेग्मी | सदस्य-सचिव | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | [illegible] | [illegible] | |
| २ | | | |
| ३ | | | |

# सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-८९)

## मितिः- २०७८/०७/२४

**बैठकका प्रस्तावहरु**

१. गत बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. लघुउद्यम विकास कार्यक्रमको बजेट बाडफाँड सम्बन्धमा ।

३. बजेट विनियोजन सम्बन्धमा ।

४. राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम छनोट सम्बन्धमा ।

५. IEE को प्रस्ताव संशोधन सम्बन्धमा ।

६. योजना संशोधन सम्बन्धमा ।

७. आर्थिक सहयोग सम्बन्धमा ।

८. विविध

- उपभोक्ता समिति तालिमको खर्च रकम सम्बन्धमा ।
- मुस्लिम धार्मिक शिक्षा संचालनमा सहयोग सम्बन्धमा ।

Scanned with CamScanner

# मिति २०७८/७/२४ का कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय न.१ गत बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

यस गाउँकार्यपालिकाको मिति २०७८/६/१० गते भएको कार्यपालिकाको निर्णयहरु कार्यान्वयनको विषयमा समिक्षा गरियो ।जस अनुसार कार्यालयबाट र वडा कार्यलयबाट गरिने अधिकांश निर्णयहरु कार्यान्वयन भएको केही प्रकृयामा रहेको जानकारी भयो।

## निर्णय न.२ लघुउद्यम विकास कार्यक्रमको बजेट वाडफाँड सम्बन्धमा ।

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत निम्न निर्णयहरु गरियो ।

- गत आ.व. मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस सरुमारानी गाउँपालिकामा कार्यक्रमहरुको प्रगति बारेमा जानकारी भयो ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत यस गाउँपालिकामा आ.व. २०७८।०७९ को लागि विभिन्न शिर्षकमा रु २९,००,०००। प्राप्त भएको व्यहोरा जानकारी भयो ।
- आ.व. २०७८।०७९ मा नेपाल सरकारको सशर्त अनुदान मार्फत नयाँ उद्यमी श्रृजनाको लागि प्राप्त बजेट रु २२८००००। गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को तालिका नं. १ मा उल्लेख भए बमोजिम बजेट प्रतिशत दायरा कायम गरी बाँडफाँड गर्ने निर्णय गरियो ।

| क.स. | विवरण | बजेट प्रतिशत दायरा | वास्तविक बजेट प्रतिशत | रकम रु. |
|---|---|---|---|---|
| १ | उद्यम विकास लागि सामाजिक परिचालन | बढीमा ३ प्रतिशत सम्म | ३ | ६८४०० |
| २ | उद्यमशिलता विकास तालिम | ७ देखि ९ प्रतिशत | ८ | १८२४०० |
| ३ | प्राविधिक सीप विकास तालिम | ३५ देखि ४१ प्रतिशत | ३५ | ७९८००० |
| ४ | प्रविधि हस्तान्तरण | १५ देखि १८ प्रतिशत | १५ | ३४२००० |
| ५ | वित्तीय सेवामा पहुँच | ३ देखि ४ प्रतिशत | ३ | ६८४०० |
| ६ | बजारीकरणमा सहयोग | ३ देखि ५ प्रतिशत | ३ | ६८४०० |
| ७ | उद्यम विकास सहजकर्ता परिचालन | २४ देखि ३३ प्रतिशत | ३३ | ७५२४०० |
| | जम्मा | | १०० | २२८०००० |

| क.स. | विवरण | बजेट रकम रु. |
|---|---|---|
| १. | स्तरोन्नती तर्फ | ४,८०,००० |
| २. | प्राविधिक हस्तान्तरण तर्फ | १,४०,००० |
| ३. | जम्मा | २९,००,००० |

Scanned with CamScanner

साथै यस आ.व. का लागि ८० जना नयाँ उद्यमी सृजना गर्ने कार्यको लागि यस सरुमारानी गाउँपालिकाको वडा नं. २ र ५ छनोट गर्ने निर्णय गरियो ।

निर्णय न.३ बजेट विनियोजन सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकाको आ.ब. २०७७/०७८ को लागी विनियोजित रकम मध्ये सोही आ.ब. मा खर्च भई चालु आ.ब २०७८/०७९ को लागी बचत (अल्या.) रकम मध्ये भुक्तानी दिनु पर्ने रकम छुट्टाई बाकी रहेको रकम मध्येबाट तपशिलका योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| सिन. | योजना/कार्यक्रम नाम | विनियोजन बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | बङ्गाडा बजार स्वीपर पारिश्रमिक | ७००००/- | |
| २ | बङ्गाडा दाङ्गसिङ्ग मो.बा निर्माण | १०००००/- | |
| ३ | समिक्षा पुस्तक प्रकाशन | ५०००००/- | |
| ४ | ५ न. वडा कार्यालय भवन निर्माण योजना भुक्तानी | ७९६०००/- | |

निर्णय न.४ राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम छनोट सम्बन्धमा ।

संघिय शसर्त अनुदान अन्तर्गत चालु आ.ब. २०७८/०७९ को राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम शिर्षकमा विनियोजित रु. ८,००,०००/- बाट बायुपंखि सुधारिएको चुलो खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय न.५ IEE को प्रस्ताव संशोधन सम्बन्धमा ।

यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७७/११/१४ गतेको कार्यपालिकाको बैठकबाट तपशिलका स्थानहरुको माटो तथा ढुंगा उत्खनन तथा निकासीका लागी परामर्शदाताबाट पेश प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE)२०७७ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरिएकोमा उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको प्रस्तावक शुलव बिल्डर्स रोल्पाले सो स्थानबाट ढुंगा निकासी नगरेको र उक्त प्रस्तावकले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसारका जग्गा धनीहरु शर्माकुमारी थापा, तारा बहादुर जि.सी. शालिकाराम सुनार सरुमारानी-२ बाट यस कार्यालयमा मिति २०७८/६/२१ गते दिएको निवेदन अनुसार उक्त शुलव बिल्डर्स कम्पनीका मानिसहरु सम्पर्कमा नआएकोले सो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको प्रस्तावकको नाम संशोधन गरी श्री शर्माकमारी थापा निर्माण सेवा सरुमारानी-२ राखी दिनु हुन र ढुंगा निकासीको अनुमतिको लागी माग भएकोले उक्त प्रस्तावलाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

चिन्तामणी रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पंचकाँडा
रोल्पा, लुम्बिनी प्रदेश

तपशिल

| सि.न. | प्रस्तावको विवरण | प्रस्ताव पेश गर्ने संस्था | ठेगना | संकलन र उत्खनन गरिने परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरुमारानी गाउँपालिका वडा न. २ स्थित शर्मा कुमारी थापा तारा बहादुर जिसी र शालिकराम सुनारको निजि जग्गाबाट ढुंगा उत्खनन तथा संकलन कार्य | शुलव बिल्डर्स | सुनछहारी गाउँपालिका-४ रोल्पा | १२६२.२४ घ.मी | भुल्के |

**निर्णय न.६ योजना संशोधन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा तपशिल वमोजिमको योजनाहरुको नाम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | स्वीकृत योजनाको नाम | ठेगना | विनियोजित वजेट रु. | संशोधित योजनाको नाम | ठेगना | वजेट रु. |
|---|---|---|---|---|---|---|
| १ | दह पाङ्गवाङ्ग मो.वा. निर्माण | वडा न. ६ | ५००००० | ओज्जेनी पाङ्गवाङ्ग मो.वा. निर्माण | वडा न. ६ | ५००००० |
| २ | ठाँडी ओडार मो.वा.निर्माण | वडा न. ६ | १५०००० | ठाँडी ओडार सिचाईकुलो निर्माण | वडा न. ६ | १५०००० |
| ३ | वडा कार्यालय र स्वास्थ्य चौकी खा.पा. विस्तार | वडा न. ५ | २००००० | वडा कार्यालय र स्वास्थ्य चौकी खा.पा. विस्तार तथा पार्किङ्ग स्थल निर्माण | वडा न. ५ | २००००० |
| ४ | पाखापानी सिचाई पोखरी तारवार | वडा न. ५ | १००००० | पाखापानी सिचाई पोखरी तारवार तथा मर्मत | वडा न. ५ | १००००० |

**निर्णय न. ७ आर्थिक सहयोग सम्बन्धमा ।**

क) यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल:

| सि.न | विरामी व्यक्तिको नाम /अभिभावकको नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|

चिन्तामणी रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

चिन्तामणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १ | मुक्तिराम सारु | वडान. ३ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| २ | लक्षी मगर | वडान. ३ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| ३ | खोपिसरा राना | वडान. ५ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| ४ | टिकी कुमारी राना | वडान. ३ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| ५ | मोहम्द नजिर रोफ | वडान. १ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| ६ | प्रकास कुमार पल्ली | वडा न. ३ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| ७ | कुमिसरा सोमै | वडा न. ५ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ८ | गेसदिन मियाँ | वडा न. १ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ९ | नन्दराम पन्थी | वडा न. २ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १० | प्रेम राना मगर | वडा न. ४ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ११ | बासुदेव गिरी | वडा न. ४ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १२ | बसिरिन मिंया | वडा न. १ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १३ | डोक बहादुर मगर | वडा न. ३ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |

ख) जनपत्रकार संगठन नेपाल लुम्विनि प्रदेश समितिले सम्मेलनको लागी आर्थिक सहयोग माग भएकोले उक्त संस्थालाई चालु शिर्षकको अन्य संस्था अनुदान शिर्पकवाट रु.१०,०००/- सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय न. ९ विविध सम्बन्धमा ।

- उपभोक्ता समिति तालिमको नपुग खर्च रकम सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागी स्वीकृत वार्पिक योजना अन्तर्गतका योजनाहरुको उपभोक्ता समितिका पदाधिकारी, जनप्रतिनिध र कर्मचारीहरुलाई योजना संचालन सम्वन्धि तालिम संचालनको लागी ६ वटै वडामा तालिम संचालन गर्ने भनी मिति २०७८/४/३२ गतेको कार्यपालिका बैठकवाट वजेट रु. १,७०,०००/- विनियोजन भएता पनि सडक मर्मत उपभोक्ता समितिहरुको लागी गाउँपालिका स्तरमा छुट्टै तालिम संचालन गर्नु परेकोले उक्त सडक मर्मत उपभोक्ता तालिममा खर्च भएको रकम रु. ५०४४०।- कन्टेन्जेन्सी शिर्पकवाट गरिएको खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- मुस्लिम धार्मिक शिक्षा संचालनमा सहयोग सम्बन्धमा ।

सरुमारानी गाउँपालिका वडा न. ४ मा मुस्लिम धार्मिक शिक्षा संचालनको लागी कक्षा कोठामा कार्पेटको अभाव भएको भनि मुस्लिम समाजको तर्फबाट माग भएकोले उक्त शिक्षा संचालनको लागी १० मिटर कार्पेट उपलवध गराउने निर्णय गरियो ।

चिन्तामणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

चिन्तामणी रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

- कालिवन खानेपानी योजनाको काम सम्बन्धमा ।

यस आर्थिक वर्षको बजेटमा सरुमारानी गाउँपालिका वडा न. १ मा सञ्चालन हुने कालिवन खानेपानी योजनाका लागि रु. ६०००००।- बजेट विनियोजन गरिएकोमा वडा कार्यालयले उपभोक्ता समितिले पाइप खरिद गर्न नसक्ने हुँदा गाउँपालिकाले पाइप खरिद गरिदिन माग गरेकाले गाउँपालिकाले रु. ५०००००।- लाख बराबरको जि.आई. पाइप खरिद गरी उपलब्ध गराउने र बाकी रु. १०००००।- लाख बाट उपभोक्ता समितिमार्फत बाँकी अन्य काम सञ्चालन गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतिमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०७८/७/२४

चिन्तामणी रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner